**आकाशवाणी समाचार- नेपाली**

मितिः २५ फरवरी २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- यस वर्ष पश्चिम बंगालमा हुने विधानसभा चुनावलाई ध्यानमा राख्दै, निर्वाचन आयोगले राज्य पुलिस प्रशासनलाई राज्यका संवेदनशील क्षेत्रहरू चिहित गर्ने प्रक्रियालाई चाँडो पूरा गर्ने निर्देशन दिएको छ।
- पश्चिम बंगालको प्राथमिक शिक्षक भर्ती घोटालामा प्रवर्तन निदेशालय (ईडी) ले बिभास अधिकारीलाई सोधपुछको लागि बोलाएको छ।
- गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष मन घिसिङले एक प्रेस विज्ञप्ति जारी गर्दै नयाँ दिल्लीमा अरुणाचल प्रदेशका तीन जना महिलामाथि भएको जातीय दुर्व्यवहार अपमानजनक व्यवहार प्रति गहिरो चिन्ता अनि आपत्ति व्यक्त गर्नुभएको छ।
- भारतीय जनता पार्टीले यस वर्ष हुने विधानसभा चुनाउ अघि पश्चिम बंगालमा आफ्नो बहुप्रतीक्षित परिवर्तन यात्राको शूरुवात १ मार्चदेखि गर्ने भएको छ।
- पश्चिम बंगालको प्राथमिक शिक्षक भर्ती घोटालामा प्रवर्तन निदेशालय (ईडी) ले बिभास अधिकारीलाई सोधपुछको लागि बोलाएको छ।

**पश्चिम बंगालमा विधानसभा चुनाव/ केन्द्रीय सशस्त्र पुलिस बल**

यस वर्ष पश्चिम बंगालमा हुने विधानसभा चुनावलाई ध्यानमा राख्दै, निर्वाचन आयोगले राज्य पुलिस प्रशासनलाई राज्यका संवेदनशील क्षेत्रहरू चिहित गर्ने प्रक्रियालाई सकेसम्म चाँडो पूरा गर्न र मार्चको दोस्रो हप्तासम्ममा यसलाई अन्तिम रूप दिने निर्देशन दिएको छ।राज्य पुलिसले चिन्हित गरिएका संवेदनशील क्षेत्रहरूको आधारमा, आयोगले केन्द्रीय सशस्त्र पुलिस बलको तैनाथीको लागि प्रारम्भिक योजना तयार गर्नेछ। सम्बन्धित क्षेत्रहरूको संवेदनशीलता अनुसार बलको संख्या र तैनाथी निर्धारण गरिनेछ।आयोगले मतदानको मिति घोषणा र आदर्श आचारसंहिता लागू हुनुभन्दा पहिला राज्यमा केन्द्रीय सशस्त्र पुलिस बलको तैनाथी सुरु गर्ने निर्णय पनि गरेको छ। १० मार्च सम्ममा राज्यमा कुल ४८० कम्पनी तैनाथ गरिनेछ। यी मध्ये २४० कम्पनी १ मार्च मा र रहल २४० कम्पनी १० मार्चमा बंगल आइपुग्नेछन्।हिज साँझ वरिष्ठ राज्य पुलिस अधिकारीहरूसँग भएको तयारी बैठकमा आयोगले १ मार्च देखि १० मार्च सम्म तैनाथ गरिने ४८० कम्पनीहरूलाई निष्क्रिय नराखेर प्रारम्भिक क्षेत्र प्रभुत्व स्थापित गर्न तैनाथ गर्नुपर्ने स्पष्ट निर्देशन दिएको छ।

प्राथमिक शिक्षक भर्ती घोटाला

पश्चिम बंगालको प्राथमिक शिक्षक भर्ती घोटालामा प्रवर्तन निदेशालय (ईडी) ले बिभास अधिकारीलाई सोधपुछको लागि बोलाएको छ। एजेंसी सूत्रहरुले हिज यसबारे जानकारी दिएको हो। बिभास अधिकारीलाई तृणमूल कांग्रेस विधायक माणिक भट्टाचार्यको सहयोगी मानिन्छ। माणिक भट्टाचार्यलाई प्राथमिक शिक्षक भर्ती घोटालामा प्रवर्तन निदेशालयले पक्राउ गरेको थियो। वर्ष 2024 मा कलकत्ता हाई कोर्टबाट जमानत पाए पछि अहिले उनि जमानतमा बाहिर छन्। उल्लेखनीय छ यस मामलाको जांच प्रवर्तन निदेशालय सितै सीबीआई ले पनि गरिरहेको छ

।
सूत्रहरु अनुसार, अदालतमा भर्ती घोटाला सित सम्बन्धित आरोपपत्र पनि दर्ता गरिएको छ जसमा बिभास अधिकारीको नाम सामेल छ । यस पल्ट  प्रवर्तन निदेशालयले उनलाई वित्तीय लेनदेन अनि कथित अनियमितताहरुको सम्बन्धमा सोधपुछको लागि बोलाएको छ ।

**पश्चिम बंगाल मनोज अग्रवाल**

पश्चिम बंगाल विधानसभा चुनाव अघि, मुख्य निर्वाचन अधिकारी मनोज अग्रवालले राज्यका शीर्ष पुलिस अधिकारीहरूसँग कानून व्यवस्थाको समीक्षा गर्न र चुनावी तयारीको समीक्षा गर्न बैठक गर्नुभयो। मुख्य निर्वाचन अधिकारीको कार्यालय अनुसार बैठकको मुख्य उद्देश्य केन्द्रीय बलको तैनाथी सुनिश्चित गर्नु रहेको थियो।

**पश्चिम बंगाल SIR**

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण अन्तर्गत 'तार्किक विसंगति' श्रेणीमा चिन्हित मतदाताहरूका दस्तावेजहरूको न्यायिक जाँच प्रक्रिया शुरू भएको छ। यो प्रक्रिया उच्चतम न्यायालयद्वारा हालैमा दिइएको निर्देश अनुसार आरम्भ गरिएको हो। न्यायिक अधिकारीहरूले सुरक्षाको माग गरेका जिल्लाहरूमा क्रमैले मालदा, मुर्शिदाबाद, उत्तर 24 परगना अनि दक्षिण 24 परगना सामेल छन्। यी सबै जिल्लाहरूको अन्तरराष्ट्रिय सीमाना बांग्लादेशसित जोड़िएको छ भने दक्षिण 24 परगनाको अधिकांश भाग तटीय सीमासित जोड़िएको छ।मुख्य निर्वाचन अधिकारी, पश्चिम बंगाल कार्यालय सूत्र अनुसार भारत निर्वाचन आयोगले न्यायिक अधिकारीहरूको आशंकालाई गम्भीर रूपमा लिँदै राज्य पुलिस प्रशासनलाई उनीहरूलाई व्यापक सुरक्षा उपलब्ध गराउने निर्देश दिएको छ।सूत्र अनुसार 'तार्किक विसंगति' श्रेणीमा चिन्हित लगभग 50 लाख मतदाताहरूको दस्तावेजलाई न्यायिक जाँचको लागि पठाइएको छ। यसमा सबैभन्दा अधिक मामिला मुर्शिदाबाद जिल्लासित सम्बन्धित रहेको बताइएको छ तथापि आयोगले अहिलेसम्म सठीक संख्या सार्वजनिक गरेको छैन।

**सर्वोच्च न्यायालय-पश्चिम बंगाल-एसआईआर**

सर्वोच्च न्यायालयले पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण अन्तर्गत 80 लाख दावी र आपत्तिहरूको समाधान गर्न कलकत्ता उच्च न्यायालयका मुख्य न्यायाधीशलाई सिविल न्यायाधीशहरू तैनाथ गर्न र छिमेकी राज्यहरू झारखण्ड र ओडिशाबाट न्यायिक अधिकारीहरूलाई बोलाउन अनुमति दिएको छ।मुख्य न्यायाधीश न्यायामूर्ति सूर्यकांतको नेतृत्वमा रहेको पीठले कलकत्ता उच्च न्यायालयका मुख्यन्यायाधीशको एक पत्र बारे ध्यान दिएको छ ।पत्रमा 250 जिल्ला न्यायाधीशहरुको सत्यापन प्रक्रिया पूरा गर्नमा लगभग 80 दिन लाग्ने बताईएको छ। समयको अभावलाई ध्यानमा राख्दै, सर्वोच्च न्यायालयले अतिरिक्त सिविल न्यायाधीशहरूको तैनाथीलाई अनुमति दिएको छ र कलकत्ता उच्च न्यायालयलाई झारखंड र ओडिशाबाट समान रैंकको न्यायिक अधिकारीहरूलाई बोलाउन निर्देश दिएको छ ।न्यायालयले दुवै राज्यका अधिकारीहरूको तैनाथीको खर्च निर्वाचन आयोगलाई व्यहोर्न निर्देश समेत दिईएको छ।निर्वाचन आयोगलाई 28 फरवरीमा अन्तिम मतदाता सूची प्रकाशित गर्न पनि अनुमति दिइएको छ र सत्यापन प्रक्रिया अगाडि बढ्दै जाँदा पूरक सूचि जारी गर्न सकिने स्पष्ट पारिएको छ।यसअघि, पश्चिम बंगाल सरकार र निर्वाचन आयोग बीच विवाद बारे चिन्ता व्यक्त गर्दै, सर्वोच्च न्यायालयले SIR प्रक्रिया पूरा गर्न सहयोग गर्न सेवारत र पूर्व जिल्ला न्यायाधीशहरूलाई तैनाथ गर्ने आदेश दिएको थियो।

**मन घिसिङ**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष मन घिसिङले एक प्रेस विज्ञप्ति जारी गर्नुहुदै नयाँ दिल्लीको मालवीय नगर क्षेत्रमा अरुणाचल प्रदेशका तीन जना महिलामाथि भएको जातीय दुर्व्यवहार तथा अपमानजनक व्यवहार प्रति

गहिरो चिन्ता र कडा आपत्ति व्यक्त गर्नुभएको छ। मालवीय नगर, दक्षिण दिल्लीस्थित भाडामा बसोबास गर्ने आवासमा सानो मर्मत सम्बन्धी विवादपछि ती महिलामाथि छिमेकीद्वारा जातीय गालीगलौज, अपमान, धम्की तथा उत्तर–पूर्व भारतका नागरिकहरूलाई लक्षित गरी अपमानजनक र पूर्वाग्रहयुक्त टिप्पणी गरिएको गरिएको छ।प्रचलित भिडियो फुटेज तथा सञ्चार माध्यममा सार्वजनिक विवरण अनुसार पीडित महिलाहरूलाई उनीहरूको रूप–रंग, पहिचान र पेशाको आधारमा अपमानित गरिएको थियो।

**सिलगढी हिट-एन्ड-रन**

सिलगढीमा १९ फेब्रुअरीको राति भएको सनसनीपूर्ण हिट-एन्ड-रन मामिलामा पुलिसले मुख्य अभियुक्तलाई पक्राउ गरेको छ।आरोपीलाई शहरका एक प्रतिष्ठित पेट्रोल पम्प मालिकका छोरा देबांशु पाल चौधरीको रुपमा चिन्हित गरिएको छ। आरोपीलाई कडा सुरक्षा व्यवस्था बीच हिज सिलगढी अदालतमा पेश गरिएको थियो। हिट-एन्ड-रन मामिलामा मृतक शंकर क्षेत्रीका परिवारका सदस्यहरू र समर्थकहरू अदालत परिसर बाहिर भेला भए र अभियुक्तमाथि कडा कारबाहीको माग गर्दै विरोध प्रदर्शन गरे।

**भारतीय जनता पार्टी पश्चिम बंगाल**

भारतीय जनता पार्टीले यस वर्ष हुने विधानसभा चुनाउ अघि पश्चिम बंगालमा आफ्नो बहुप्रतीक्षित परिवर्तन यात्राको शूरुवात १ मार्चदेखि गर्ने भएको छ। पार्टीले यस पल्ट ठूलो स्तरमा केन्द्रिय नेतृत्वलाई मैदानमा उतारेर शक्ति प्रदर्शनको रणनीति अपनाइरहेको छ। ४८ घण्टाभित्र कम्तिमा आठ केन्द्रिय मन्त्री र राष्ट्रिय स्तरका नेताहरू राज्यमा आइपुग्नेछन्।यो यात्रा राज्यका दशमध्ये नौ संगठनात्मक प्रभागहरूमा निकालिनेछ। केवल कोलकाता महानगर प्रभागलाई यसबाट अलग राखिएको छ, जहाँ समापनमा ब्रिगेड मैदानमा विशाल जनसभा आयोजना गरिनेछ। १ मार्चमा यात्राको शुरुवात ,कूचबिहार, कृष्णानगर, कुल्टी, गढबेता र रायदीघीबाट हुनेछ। २ मार्चमा इस्लामपुर, हसन, सन्देशखाली र आमताबाट यात्राको शुभारम्भ गरिनेछ। केन्द्रिय गृहमन्त्री अमित शाहले १ मार्चमा रायदीघीबाट परिवर्तन यात्रालाई हरियो झण्डा देखाउनुहुनेछ। केन्द्रिय स्वास्थ्य मन्त्री जगत प्रकाश नड्डाले त्येही दिन कृष्णानगरबाट यात्राको सुरुवात गर्नुहुनेछ। रक्षामन्त्री राजनाथ सिंहले २ मार्चमा आमताबाट यात्राको शुरुवात गर्नुहुनेछ।राष्ट्रिय अध्यक्ष नितिन नवीनले १ मार्चमा कूचबिहार तथा २ मार्चमा इस्लामपुरबाट यात्राको सुरुवात गर्नुहुनेछ।

**घैयाबारीमा -निरीक्षण कार्य**

खरसाङ खण्डको घैयाबारी ग्राम पञ्चायत तीन अन्तर्गत घैयाबारी क्षेत्रको गुरुङ गाउँमा सार्वजनिक भवन, मानेडाँडामा रोड फेन्सिङ, लोवर गैरी गाउँमा समाज घर निर्माण र घैयाबारीको झूम डाँडामा वार मेमोरियल निर्माणको लागि क्षेत्रीय सभासद, ग्राम पञ्चायत प्रधान, उप प्रधान र विभागीय अधिकारीहरु र पार्टी प्रतिनिधिहरुले निरीक्षणका साथै नापजोख गरेका छन्। घैयाबारीको मानेडाँडा क्षेत्रमा देखिएको खतरालाई ध्यानमा राख्दै यहाँ फेन्सिङ गर्न निरीक्षण साथै नापजोख गरिएको छ। त्यसरी नै घैयाबारीको झुम डाँडामा वार मेमोरियल निर्माणको लागि पनि स्थान चिन्हित गरिएको छ। यस कार्यका लागि कारगिल एनजीओले पहल गरेको थियो।

**दार्जीलिङ जिल्ला पुलिस**

दार्जीलिङ जिल्ला पुलिसले सिलगढ़ीको घोषपुकुर, फाँसीदेवा क्षेत्रबाट लाखौं रुपियाँको ब्राउन सुगर सहित एक तस्करलाई पक्राउ गरेको छ। पक्राउ परेको अभियुक्तलाई विधाननगर निवासी सुरजित सरकारको रूपमा चिन्हित गरिएको छ।पुलिस सूत्रहरू अनुसार,गोप्य सूचनाको आधारमा राष्ट्रिय राजमार्ग 27 को गान्धी मोड़ क्षेत्र एउटा मोटरसाइकल चालक बाट 103 ग्राम ब्राउन शुगर जफत गरिएको हो। त्यसपछि आरोपीलाई एनडीपीएस एक्ट

अन्तर्गत पक्राउ गरिएको छ। जफत गरिएको ब्राउन शुगरको बजार मूल्य लगभग 10 लाख रूपियाँ रहेको पुलिसले बताएको छ।

**लोकल ट्रेकर्स'**

खरसाङका युवाहरूद्वारा गठित ट्रेकिङ समूह 'लोकल ट्रेकर्स' ले हिज  सुकनादेखि खरसाङसम्म लगभग 38 किलोमिटर लामो पदयात्रा सफलतापूर्वक सम्पन्न गरेका छन्। प्राकृतिक सौन्दर्यले भरिपूर्ण एनएच 110 को बाटो हुँदै गरिएको यस ट्रेकिङमा आठजना युवाहरूको सक्रिय सहभागिता रहेको थियो। यो ट्रेकिङ यात्रा बिहान 6 बजीदेखि सुकनाबाट शुरु भई विभिन्न जंगल, खोल्सा पार गर्दै साँझ 6 बजी खरसाङ पुगेर सम्पन्न भयो। यस ट्रेकिङमा सहभागी युवाहरूले यात्रालाई केवल शारीरिक अभ्यास मात्र नभई पर्यावरण संरक्षण र स्थानीय पर्यटन प्रवर्द्धनको अभियानका रूपमा लिएका थिए।

****** ० ******